# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007(4th March 1951)

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki
**Immediate Past President:**
Dr. Mukti Ram Shrestha
**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha
**Vice President:**
Dr. Anil Bikram Karki
**General Secretary:**
Dr. Badri Rijal
**Treasurer:**
Dr. Prakash Budhathoky
**Joint Secretary:**
Dr. Niraj Kumar Singh
**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:**
Dr. Angel Magar


पत्र संख्या : २०७८।नेचिसं। च.नं.....
मिति: २०७८ जेष्ठ १४ गते

## प्रेश विज्ञप्ती

कोरोना महामारिको पहिलो र दोस्रो लहरमा चिकित्सक र स्वास्थकर्मिहरुले सिमित स्रोत, साधन र जनशक्तिका बाबजुद अग्रपंक्तिमा रहेर उपचारमा खटिइरहेको सर्वविदितै छ। यस महामारिमा आफ्नो ज्यान जोखिममा राखी बिरामिहरुको सेवामा समर्पित चिकित्सक एवं स्वास्थ्यकर्मिहरुलाई दुर्व्यहार, र कूटपिट जस्ता अवान्छित क्रियाकलापहरुले गर्दा असुरक्षित बातावरण तयार हुदै गएकोमा नेपाल चिकित्सक संघको गम्भिर ध्यानाकर्षण भएको छ।

बिराट मेडिकल कलेज बिराटनगरमा स्वास्थ्यकर्मी माथि भएको हातपातको घटनाको एक हप्ता पनि नबित्दै भेरी अस्पतालमा हिजो २०७८/०२/१३ गते विहिबार साँझ ८ बजे भएको दुखद घटनाले नेपाल चिकित्सक संघ मर्माहित भएको छ। यस कोभिड महामारीमा आफ्नो जीवन नै जोखिममा राखी दिनरात COVID-19 को उपचारमा खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई मनोबल बढाउनुको साटो हात पात गर्ने , घाटी थिचेर लखेटी लखेटी पिट्ने, र अस्पताल समेत तोडफोड गर्ने आपराधिक मानसिकता बोकेका मानिसको भीडबाट चिकित्सक र स्वास्थ्यकर्मीको जीवन असुरक्षित रहेको कुरा छरलंगै भएको छ।

नेपाल सरकारले २०७६/१२/२२ को मन्त्रि परिषद निर्णय अनुसार कोभिड रोकथाम नियन्त्रण र उपचारको कार्यमा बाधा बिरोध गर्ने व्यक्तिहरुलाई ड्युटिमा खटिएका सुरक्षाकर्मीहरुको कार्यसम्पादनमा बाधा विरोध गर्नेलाई प्रचलित कानून बमोजीमको कारवाही गर्ने निर्णय गरेकोमा सो निर्णयलाई र यस्ता आपराधिक गतिविधिमा संलग्न भएकालाई Non Bailable Offense को रुपमा लिई कारवाही गर्न अध्यादेश मार्फत यथाशिघ कानुन बनाइ कारवाही गर्ने वातावरण बनाउन जोडदार माग गर्दछौ । साथै भेरी अस्पतालमा संलग्न व्यक्तिहरुलाई मन्त्रि परिषद निर्णय अनुसार कडा भन्दा कडा कारवाही गरि देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु कामबाट बिमुख हुने बाध्यात्मक परिस्थि परिस्थितिको सिर्जना नगर्न समेत यसै बिज्ञप्ति मार्फत जानकारी गराउदछौं।

नेपाल चिकित्सक संघले हिजो घटना भएको दिनलाई **BLACK DAY** को घोषणा गर्दै सम्पूर्ण Frontliner, चिकित्सक तथा स्वस्थ्यकर्मिहरुलई आजको एक दिन कालो पट्टि बाँधी काम गर्न हार्दिक अपिल गर्दछौ।

भवदीय,

Badri

डा. बद्री रिजाल
महासचिव